नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति: २०७४ मंसीर ६

## प्रेश विज्ञप्ति

आजको तीन दिनपछि देशका ३२ वटा जिल्लाहरुमा हुने पहिलो चरणको निर्वाचन (प्रतिनिधिसभा र प्रदेशसभा सदस्य) सम्पन्न हुन गइरहेको छ । दिनभर राजनीतिक दल र उम्मेदवारका चुनावी कार्यक्रमहरु र निर्वाचन व्यवस्थापनका विविध कार्यक्रमहरु निर्वाध रुपमा सम्पन्न भएका छन् । निर्वाचन सुरक्षा व्यवस्था अन्तर्गतका सूचना संकलन-विश्लेषण, खोज तलास, निगरानी, चेकजाँच, गस्ती, पट्रोलिङ लगायतका सुरक्षात्मक क्रियाकलापहरु र आवश्यकता बमोजिमको प्रतिक्रियात्मक सुरक्षा कार्यवाहीहरु सशक्त तवरले समन्वयात्मक रुपमा भइरहेका छन् । यसबाट सुरक्षित तथा शान्तिपूर्ण र भयरहित निर्वाचन वातावरण निर्माण भइरहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

निर्वाचन विरोधी अपराधिक गतिविधिलाई निस्तेज र निष्प्रभावी तुल्याउँदै राजनीतिक दलका नेता, उम्मेदवार, मतदाता, कर्मचारी, सन्चारकर्मी, मतदान सामाग्री लगायत निर्वाचनमा सहभागी सबैको सुरक्षा व्यवस्थाको प्रत्याभूति गर्ने र विष्फोटन लगायतका निर्वाचन विरोधी गतिविधिमा संलग्न जो कोहीलाई यथाशिघ्र नियन्त्रणमा लिई कानून बमोजिम कारवाही गर्ने कार्यनीति अनुसार प्रदेश/क्षेत्र/जिल्लाका सुरक्षा संयन्त्रहरु क्रियाशील भइरहेकाछन् । स्थानीय सुरक्षा संयन्त्रको यस कार्यमा सदा झैं रचनात्मक सहयोग प्रदान गरिदिनुहुन गृह मन्त्रालय सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ ।

नारायण प्रसाद शर्मा दुवाडी
प्रवक्ता